# नेपालगंज उप-महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज

(दोस्रो पटक प्रकाशित मिति : २०७७।२।०४गते)

**रानीतलाउ बोटिङ विहार सञ्चालन सम्वन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

यस नेपालगञ्ज उपमहानगरपालिकाको वडा न.८ स्थित रानीतलाउ बोटिङ विहार(माछापालन र पर्यटनको लागि) सञ्चालन ठेक्काको माध्यमबाट बढाबढ प्रक्रिया गराउनु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, व्यवसायी वा कम्पनीहरुहरु बाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको दरभाउपत्र आव्हान गरिएको छ।

**शर्तहरुः-**

१) मू.अ.क.मा दर्ता भएका व्यक्ति/व्यवसायीको हकमा अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व.०७५/०७६ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,फर्मको हकमा यस उप–महानगरपालिकामा दर्ता भएको व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि र निवेदन सहित तोकिएको सिलबन्दी दरभाउपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र कार्यालय समय भित्र यस कार्यालयबाट ईच्छुक दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्न सकिनेछ।

२) खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरि सिलबन्दी गरि खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराईटरको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्न सकिनेछ।

३) दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा ८ औ दिन दिनको १३:०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउपत्रदाताको रोहबरमा खोलिने छ। दरभाउपत्रदाताको अनुपस्थिती भएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४) दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ।

५) शिलबन्दी दरभाउपत्र फारामसाथ जमानत वापत तोकिएको रकम राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको धरौटी खाता नं.ग-३-४१३०१००३०३००००००२ मा जम्मा गरि सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ।

६) ठेक्का अवधि १० वर्षको हुनेछ, प्रत्येक २/२ वर्षमा कवोल अंकको १० प्रतिशतले ठेक्का रकम वृद्धि हुदै जानेछ, कवोल अंक रकम प्रथम किस्ता बापत ४ महिनाको हुन आउने रकम सम्झौता हुनुअघि नै बुझाउनुपर्नेछ, एकमुष्ठ बार्षिक रकम अग्रिम बुझाएमा ठेक्का रकमको १० प्रतिशत छुट दिईनेछ।

७) बाँकी किस्ताको रकम प्रत्येक ४/४ महिनामा अग्रिम रुपमा बुझाउनुपर्नेछ।

८) तोकेको समयमा रकम नबुझाएमा ३ महिनासम्मको बार्षिक १० प्रतिशतका दरले व्याज/हर्जाना लाग्नेछ र ३ महिनासमेत नाघेमा सम्झौता स्वतः भंग हुनेछ।

९) ठेक्का रकम बुझाउदा कवोल अंक/प्रत्येक किस्ताको १३ प्रतिशत मूल्य अभिवृद्धिकर अनिवार्य बुझाउनुपर्नेछ।

१०) परिसर भित्र रहेका सम्पूर्ण सामान, सामाग्री, पूर्वाधारहरुको संरक्षण, मर्मतसंभार गर्ने सम्पूर्ण जिम्मेवारी ठेकेदार पक्षको हुनेछ।

११) प्रवेश शुल्क दर लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा दिईएको छ। थप जानकारीका लागि नेपालगञ्ज उप–महानगरपालिकामा सम्पर्क राख्न सकिनेछ।

१२) कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१३) दरभाउपत्र स्वीकृत भएपछि दरभाउपत्रदाताले कबोल गरेको अंकको ५% ले हुने रकम परफरमेन्स वण्ड वापत र ठेक्का कवोल अंकको तीन महिनाले हुन आउने रकम यसै सूचनाको बुंदा ५ मा उल्लेखित धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नु पर्ने अन्तिम अवधि भन्दा कम्तिमा १५ महिना बढीको म्याद राखी जारी गरेको बैंक अथवा वित्तिय संस्थाबाट जारी जमानीपत्र पेश गर्नु पर्नेछ।

१४) शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१५) यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नेपालगन्ज उप–महानगरपालिकाको सार्वजनिक खरिद नियमावली पहिलो संशोधन,२०७७ र अन्य प्रचलित कानून बमोजिम हुनेछ। दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

**दरभाउपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम अंक बार्षिक(मुल्य अभिवृद्धि कर बाहेक) | धरौटी रकम रु | बोलपत्र/दरभाउपत्र दस्तुर | खरिद गर्ने समय |
|---|---|---|---|---|---|---|
| १ | २/०७७/०७८ (राजश्व) | ने.ग.उ.म.न.पा.-८ स्थित रानीतलाउ बोटिङ विहार सञ्चालन | १०,००,०००।०० | ३०,०००।- | १०००।- | ७ औं दिन भित्र |